# ४ एकताको साँचो

*__यस अध्यायका मूल पदहरू:__* एफिसी १:३-१४, गलाती ४:७, एफिसी २:११-२२, ४:१-६,११, मत्ती २०:२५-२८ र एफिसी ५:१५-६:९।

*__यस अध्यायको मूल सार पद:__* **"९ सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, १० ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्।" (एफिसी १:९-१० रूपान्तरित)।**

एशिया माइनरका देशहरूमा रहेको एफिसस सहर व्यापार र सभ्यता प्रभावको मूल केन्द्र थियो। यही एफिसस सहरमा भएको चर्चमा यहूदी, अयहूदी र समाजका विभिन्न वर्गहरूका मानिसहरू थिए। यस्तो विभिन्न जाति, धर्म, सभ्यता र संस्कारबाट बनेको चर्चमा द्वन्द र विवाद आउने ठूलो सम्भावना थियो। तर येशू र उहाँमा भएको एकताले गर्दा चर्चका विश्वासीहरू आफूहरूलाई ख्रीष्टको शरीरको एक भाग हौं भन्ने आत्मज्ञानमा विश्वस्त थिए। यद्यपि, चर्चका सदस्यहरू येशूमाथिको विश्वासमा बढिरहनुपर्ने क्रममा एक आपसमा टकराब भइरहेको पावलले महसुस गरेका थिए। त्यसकारण तिनीहरूप्रति चासो देखाएर नै पावलले एफिसीहरूलाई पत्र लेखेका थिए जसको मूल वा केन्द्रीय विषयबस्तु थियो: यदि कोही येशूका पछि लागेको दावी गर्छ भने त्यो व्यक्ति चर्चको एकतामा समावेश हुनै पर्छ।

एकताको बारेमा पावलको धारणाको दुई पक्षहरू छन्: चर्चमा एकता, जहाँ यहूदी र गैर-यहूदी वा विदेशीहरू येशूरूपी शरीरमा एक हुन गएका छन्, र विश्वव्यापीमात्र होइन तर जगतव्यापी एकतामा विश्वासीहरू हुनै पर्छ। स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू अन्तमा येशूमै एक हुने योजना बनाइएको छ। त्यो एकताको स्रोत अरू कुनै नभएर येशू ख्रीष्ट नै हुनुहुन्छ। पावलले बारम्बार "ख्रीष्टमा" वा "ख्रीष्टसँग" भन्ने शब्दहरू प्रयोग गरेका छन्। येशू ख्रीष्टको जीवन, मृत्यु र पुनरुत्थानले हाम्रो र जगतको निम्ति परमेश्वरले के काम फत्ते गर्नुभयो भनेर बुझाउन पावलले ती शब्दहरू प्रयोग गरेका हुन्। मुक्तिको योजनाको अन्तिम लक्ष्य भनेकै येशू ख्रीष्टद्वारा सबै थोकहरूलाई पुन एकताको

शुत्रमा बाँध्नु हो। तीतो सत्य त यो छ कि यो एकता पूर्णरूपमा अहिले नभएर युगको अन्तमा प्रकट हुनेछ।

## १. येशू ख्रीष्टमा पाएका आशिषहरू

**प्रभु येशूको आस्था र निष्ठामा रहँदा हामीलाई के आशिषहरू उपलब्ध गराइएका छन् भनेर पावलले एफिसी १:१-१४मा बताउँछन्? हेर्नुहोस्: "१ परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित पावलबाट, ख्रीष्ट येशूमा विश्वासी एफिससमा भएका सन्तहरूलाईः २ हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति। ३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्‌ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ। ४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। ५ उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, ६ यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्। ७ उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, ८ जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो। ९ किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, १० ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्। ११ उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार १२ हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ। १३ तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। १४ परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ।"**

येशूलाई हृदयदेखि माया र विश्वास गरेर पछयाउनेहरूले परमेश्वरको धेरै प्रशंसा गर्ने ठाउँ छ। येशूमा हामीहरू परमेश्वरका छोराछोरी हुन चुनिएकाछौं। यस संसारमा हामीले येशूभक्त भएर परमेश्वरको प्रतिनिधित्व गर्ने

अवसर पाएका छौं। येशूसँगको हाम्रो नयाँ सम्बन्धलाई व्याख्या गर्न पावलले धेरै प्रतिकहरू प्रयोग गरेका छन्। ती प्रतीकहरूमा हामीलाई परमेश्वरले धर्मपुत्र र पुत्रीहरू बनाउनुभएको छ। यस अध्यायको विषयबस्तुले हामी परमेश्वरका सन्तान भएको हुनाले हामी सबै एक हुनुपर्छ भन्ने सिकाउन खोजिएको छ। हो, येशूमा परमेश्वरले हामीहरूलाई आफ्नै छोराछोरी बनाउनुभएको छ र हामी परमेश्वरको परिवारमा हुलिएका छौं। परमेश्वरले इस्रायलीहरूसँग बाँध्नुभएको करारमा यो पारिवारिक चित्रण सम्बोधन गरिएको छ। यहूदी भन्दा अरू कुनै पनि जाति र इस्रायल देशभन्दा बाहिरका देशका मानिसहरू जसले येशूलाई मसीह भनेर स्वीकार गर्दछ तिनीहरू स्वःत परमेश्वरका सन्तान हुन पुगेका छन् भनेर पावलले आफ्नो पत्रमा उल्लेख गर्दछन्। मानवीय बंश, रगत वा जातले होइन तर येशूप्रतिको विश्वासले उहाँका विश्वासीहरू त्यही करारको प्रतिज्ञाहरूमा सहभागी हुने अवसर पाएका छन् जुन् इस्रायललाई दिइएको थियो (रोमी ८:१७, गलाती ४:७)। येशूमा हुनु र येशूसँग सम्बन्ध राखेर चल्नुको फाइदा नै इसाई एकताको मौलिकता हो। माथिका पदहरूले यो पनि बताउँछ कि सारा मानव जगत येशू ख्रीष्टमा एक भएर चलोस् भन्ने परमेश्वरको चाहना हो। परमेश्वरको परिवारमा हामी भएको कारणले हामी सबै परमेश्वरका सन्तान हौं। बिना पक्षपात परमेश्वरले सबैलाई बराबरी रूपमा प्रेम गर्नुभएको छ र उहाँको स्नेहमा हामी परिरहेका हुन्छौं।

कतिपय मानिसहरूलाई "अघिबाटै चुनिएका" "अघिबाटै आशा राखेकाहरू" (एफिसी १:५,११,१२) भन्ने शब्दले अलमलमा पारेका छन्। यसले भाग्यको खेल वा जन्मनुभन्दा अघि नै हामीहरूको भविष्य निर्धारण भइसकेको हुन्छ भन्ने आभास् दिएको देखिन्छ। अझ कतिले त कसले मुक्ति पाउँछ कसले मुक्ति पाउँदैन भनेर परमेश्वरले पहिले नै निर्णय गरिसक्नुभएको छ भनेर ती पदहरूले भन्दछन् भनेर जिकिर गर्दछन्। तर यो शिक्षा वा धारणा बाइबल अनुसार होइन। बरू परमेश्वरले संसारको सृष्टिभन्दा अघि वा कोही मानिस जन्मनुभन्दा अघि मुक्तिको योजना बनाइसक्नुभएको थियो। प्रत्येक व्यक्तिले मुक्ति पाउन् भन्ने परमेश्वरको चाहना हो। "परमेश्वरले संसारलाई यस्तरी धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो। जसले उहाँलाई विश्वास गर्छ कोही नाश नहोस् तर अनन्त जीवन पाओस्।" (यूहन्ना ३:१६ रूपान्तरित)। "४ सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ। ५ किनकि परमेश्वर एउटै

हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ– मानिस, ख्रीष्ट येशू। ६ उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिइयो। ७ यसको खातिर म प्रचारक र प्रेरित नियुक्त भएँ, र विश्वास र सत्यतामा अन्यजातिहरूका निम्ति चाहिँ शिक्षक। म साँचो भन्दछु, म ढाँट्दिनँ।"(१ तिमोथी २:४-७) र "८ तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ। ९ आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।" (२ पत्रुस ३:८-९)। परमेश्वरलाई थाहा छ कि उहाँले प्रदान गर्नुहुने अनन्त जीवन कसले स्वीकार गर्दछ, तर त्यसको अर्थ यो होइन कि कसले मुक्ति पाउने भन्ने मामिलामा उहाँले नै निर्धारण गर्नुभएको छ तर मुक्ति पाउने नपाउने आत्मनिर्णयको अधिकार प्रत्येक व्यक्तिलाई नै सुम्पिएको छ। येशूले हामीहरूको निम्ति के गर्नुभयो सो को आधारमा मुक्ति सबैको निम्ति उपलब्ध गराइएको छ। तर प्रश्नचाहीँ यो होः हामीलाई उपलब्ध गराइएको मुक्तिलाई हामीले ग्रहण गर्ने कि नगर्ने? परमेश्वरले कसैको आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रतालाई हस्तक्षेप गर्नुहुन्न। उहाँले आफ्नो शक्ति प्रयोग गरेर कसैलाई पनि जबरजस्ति मुक्ति दिनुहुन्न वा उहाँलाई विश्वास गर्न करकाम गर्नुहुन्न।

"संसार र मानिसहरूको सृष्टि गर्नुभन्दा अघि मानिसहरूले परमेश्वरका आज्ञाहरू उल्लङ्घन गर्नेछन् भनेर स्वर्गमा बसेको परिषदले थाहा पाइसकेको थियो। परमेश्वरको आज्ञा नमान्दा मानिसहरू नाश हुनेभएतापनि कोही पनि नाश नहोस् तर सबै मानिसहरूले मुक्ति पाउन् भनेर स्वर्गमा प्रावधान बनाइएको थियो। पापको ज्याला मृत्यु भएकोले तिनीहरूको सट्टा येशू मर्ने र उहाँ नै बैना हुने योजना बनाइएको थियो। प्रत्येक व्यक्ति स्वइच्छाले वा आफ्नो स्वविवेक प्रयोग गरेर परमेश्वरको छनौटमा पर्न सक्छ र उसले आफ्नो भविष्य आफूले नै निर्धारण गरेर परमेश्वरको सन्तान हुने अवसर पाउन सक्छ। त्यस व्यक्तिलाई येशू ख्रीष्टद्वारा आफ्नो छोरा वा छोरी बनाउने परमेश्वरको चाहना हो। कोही व्यक्ति आफ्नो इच्छालाई प्रयोग गरेर परमेश्वरको सन्तान हुन चाहन्छ भने त्यो उसको निम्ति अत्यन्त खुशीको कुरा हुन जान्छ। परमेश्वरको चाहना यो छ कि यस संसारमा जन्मेका प्रत्येक मानव प्राणीले मुक्ति पाऊन्। आफ्नो एक मात्र पुत्र दिनुभएर उहाँले मानिसहरूको पापको

मोल तिर्नुभयो। त्यसले गर्दा मानिसहरूलाई मुक्ति दिलाउन परमेश्वरले प्रसस्त बाटो खुलाउनुभयो। यदि कोही नाश हुन्छ भने नाशै हुनेछ किनभने तिनीहरूले येशू ख्रीष्टद्वारा परमेश्वरको छोराछोरी हुने हकको उपभोग गर्न अस्वीकार गरे।"-एलेन जी ह्वाइट, द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. १११४बाट रूपान्तरित।

## २. मानिस मानिसको बीचमा खडा भइरहेको पर्खाल भत्काउने प्रक्रिया

विभिन्न जातजाति, राष्ट्र, रङ्ग, धर्ममा भएको भिन्नताले गर्दा मानिस मानिसहरूको बीचमा अत्यन्त गहिरो विभाजन आइरहेको कुरालाई कसैले नकार्न सक्दैन। कतिपय समाज वा राष्ट्रमा जाति र धर्म छुट्याउन परिचयपत्र दिइएको हुन्छ। त्यही रूपमा तिनीहरूको दैनिक जीवनलाई असर पार्ने गरेर तिनीहरूले पाउने सुविधा वा तिनीहरूलाई नियन्त्रण गर्न परिचय पत्र दिइएको हुन्छ। त्यही परिचयपत्रको आधारमा तिनीहरू एक समूह वा जातिबाट अर्को समूह वा जातमा अलग भएको प्रमाणित गरिएको हुन्छ। जब युद्ध, द्वन्द तथा जात जाति र धर्मको नाउँमा झगडा हुन्छ तब ती परिचयपत्रको आधारमा तिनीहरूलाई दमन गरिन्छ र तिनीहरूलाई नै हिंसाको केन्द्रविन्दु बनाइन्छ।

**समाज, देश वा राष्ट्रको नाउँमा जातजाति छुट्याएर मानिसहरूलाई पूर्वाग्रही भएर व्यवहार गर्ने वा दमन गर्ने नीति परमेश्वरलाई विश्वास नगर्ने वा परमेश्वरको प्रेमले परिचालित नभएका मानिसहरूको नीति हुनसक्छ र त्यसलाई हटाउन कतिपय प्रयासहरू असफल भएका होलान्, तर येशूलाई विश्वास गर्नेहरूको बीचमा जुनसुकै जातजातिबाट आएपनि एकतामा रहिरने नीतिलाई आत्मसात् गर्नु जरुरी छ। येशूलाई विश्वास गर्नेहरूको बीचमा कसरी एक भएर बस्नुपर्छ भन्ने असल बाटो पावलले एफिसी २:११-२२मा औंल्याएका छन् (दुर्भाग्यबस विभिन्न कारणले गर्दा येशूलाई नै भित्री हृदयदेखि विश्वास नगर्ने वा उहाँको नीतिमा नचल्ने किन नहोस् औपचारिक रूपमा इसाई भन्ने भिन्नै जात यस संसारमा खडा भएको पाइन्छ-अनुवादकको टिप्पणी) । हामीहरूको भिन्नतालाई येशूमा भएको एकताले कसरी फरक पार्दछ? जब येशू क्रुसमा मर्नुभयो, उहाँले के भत्काउनुभयो? हेर्नुहोस्: "११ यसकारण याद राख, अघि तिमीहरू शरीरअनुसार अन्यजाति छँदा शरीरमा हातबाट खतना गरिएकाहरूले तिमीहरूलाई बेखतनाका मान्दथे। १२ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। १३**

**तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। १४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं। १९ यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ। २० त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ। २१ उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। २२ अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।"**

**प्रायजसो** मूर्तिपूजा गर्ने र यहूदीहरूबाट तिरस्कृत भएर विदेशी वा पराई वा अन्य जाति भनेर अलग भएर बसेका तर येशूलाई विश्वास गरेपछि उहाँका भक्तहरू हुन पुगेका इसाईहरूलाई येशूलाई विश्वास गर्नुभन्दा अघि वा परमेश्वरको अनुग्रह पाउनुभन्दा अघि तिनीहरूको जीवन कस्तो थियो भनेर आफूले आफैलाई जाँचुन् भनि एफिसीका विश्वासीहरूलाई पावलले आह्वान गर्दछन्। विभिन्न जात जाति, संस्कार, सस्कृति, रहनसहन र धर्मको भिन्नताले गर्दा एफिसीमा भएका विभिन्न समूहका बीचमा शत्रुता थियो र झगडा सृजना हुन्थ्यो। तर असल सन्देश त यो छ कि येशू ख्रीष्टमा हामी सबै एकै हौं। उहाँ हामीहरूको साझा मुक्तिदाता र प्रभु हुनुहुन्छ। हामी सबै जना परमेश्वरको जनहरूमा समावेश भएका छौं। "एक पल्ट तिमीहरू बिराना थियो, परमेश्वरबाट टाढा थियौ। अब ख्रीष्टको रगतले तिमीहरूलाई नजिक ल्याइएको छ" (एफिसी २:१३ रूपान्तरित)।

रोमीहरूले यरुशलेमको मन्दिरलाई ध्वस्त पार्नुभन्दा अघि त्यस मन्दिरमा जाति छुट्याउने पर्खाल हुन्थ्यो। मन्दिरको परिसरमा केवल यहूदी जातिहरूमात्र पस्न सक्ने भाग थियो। (सायद "केवल यहूदीहरूलाई मात्र" भनेर सूचना पाटी पनि थियो होला)। यदि कुनै विदेशी वा अन्य जातिहरू वा

यहूदीहरूभन्दा फरक आस्था राख्नेहरू त्यस पर्खालभित्र गए वा सूचनापाटी नाघेर गएको खण्डमा भने त्यसलाई सजायँ दिइन्थ्यो र मृत्युदण्डसमेत दिइन्थ्यो। त्यही सूचना पाटी नाघेर पावल मन्दिरभित्र पस्दा उनलाई मन्दिरलाई बिटुलो पार्‍यो भनेर मानिसहरूले पक्रेर मार्न खोजेका थिए। जब पावलले ट्रोफिमस भन्ने एफिसीलाई (सायद गोरा जाति हुनसक्छ) यहूदीहरूलाई मात्र जाने अनुमति भएको मन्दिरको परिसरमा ल्याए तब अयहूदीलाई भित्र्याएर मन्दिरलाई बिटुलो पार्‍यो भनेर पावललाई पक्रे र उनीमाथि मुद्धा चलाए (प्रेरित २१:२९)। पावलले एफिसीको पुस्तकमा येशू ख्रीष्ट "हामीहरूको शान्ति जसले विभिन्न जातजातिलाई एकत्रित पार्नुभयो र मानिसहरूलाई अलग राख्ने पर्खाल भत्काउनुभयो" (एफिसी २:१४ रूपान्तरित) भनेर जिकिर गरेको पाउँछौं।

येशू ख्रीष्टमा सबै विश्वासीहरू आत्मिक रूपमा अब्राहमका सन्तान हुन पुगेका छन् र हृदयका खतना पाएका छन्। अब्राहमलाई परमेश्वरले गर्न लगाउनुभएको शारीरिक खतनाले येशू ख्रीष्टमा आत्मिकरूपमा पाउने खतनालाई औंल्याइएको थियो (व्यवस्था १०:१६)।। "उहाँमा तिमीहरूलाई खतना गरिएको छ तर शारीरिक वा हातले गरेको खतना होइन तर येशू ख्रीष्टले तिमीहरूलाई खतना गराउनुभएको छ। जब तिमीहरूले आफ्ना शारीरिक अभिलाषा अनुसार चलेको पापलाई तिमीहरूले पन्छ्याउँछौं तब तिमीहरू आत्मिक खतना भएको ठहर्दछौ" (कलस्सी २:११ रूपान्तरित)।

**एफिसी २:११-२२ फेरि पढ्नुहोस्। पावलको भनाइ अनुसार हामीहरूको चर्च चल्न खोजेको सन्दर्भमा उनको अवधारणालाई हामीहरूले कसरी बास्तविकतामा उतार्न खोजिरहेकाछौं? अर्थात् के हामीले पावलको आह्वानलाई मानिरहेकाछौं त? हामीले सामना गर्नुपर्ने चुनौतिहरू के के छन्?**

## ३. एउटै शरीर जस्तो एक हुनु

एफिसीहरूलाई प्रेरणादायी पत्र लेख्दा पावलले आदर्शका कुराहरू गरेका थिएनन् तर व्यवहारिक वचनहरू प्रस्तुत गरेका थिए। यहूदी र अयहूदी वा अन्य जातिहरूको बीचमा एकता हुन र विभिन्न संस्कार, संस्कृति, जातिका पृष्ठभूमिबाट आएका विश्वासीहरूको बीचमा एकता हुन गरिएको आह्वान केवल मन बहलाउने वा मिठो कुरा वा धारणा नभएर येशूभक्तहरूको बीचमा हुनुपर्ने वास्तविक माग थियो। "तिमीहरूलाई येशूमा बोलाइएको हुनाले त्यही बोलावटको सम्मान गर्दै" (एफिसी ६:१ रूपान्तरित) एक भएर चल भन्ने पावलको मार्मिक आह्वान हो।

**येशूमा बोलाइएको हुनाले त्यसको उच्च आदर्शलाई ख्याल राखी इसाई भनेर दावी गर्नेहरू योग्य तरिका वा येशूले चाहनुभएको जीवनलाई झल्काउने गरी कसरी हिँड्ने? हेर्नुहोस् एफिसी ४:१-३ "१ यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर। २ सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, ३ शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर।"**

येशूलाई विश्वास गर्दा मानिसहरू गुणिलो र अनुग्रही हुन्छन्। गुणिलो र अनुग्रही स्वभाव भएका येशूभक्तहरू पवित्र आत्माको शक्तिद्वारा शान्तिको एकतामा बाँधिएर बस्छन् (एफिसी ४:३ रूपान्तरित)। येशूभक्तहरूमा हुनुपर्ने स्वभाव वा गुणहरूको जग वा मूल स्रोत प्रेम हो (१ कोरन्थी १३:१-७)। जब प्रेमलाई सक्रियरूपमा परिचालन गरिन्छ तब चर्चका दाजुभाइ तथा दिदीबहिनीहरूको बीचमा भएको गहिरो सम्बन्धलाई सुरक्षित राख्दछ। इसाई समुदाय र त्यसबाट बाहिर पनि विश्वासीहरूले एकता र शान्तिको निम्ति प्रयत्नशील हुनुपर्छ। विशेष गरेर चर्चमा विश्वासीहरू एक भएको देखाउन सकियो भने अरू मानिसहरूले परमेश्वरको प्रेम देखेको महसुस गर्नेछन्। सत्य इसाईहरूको विशेषता नै प्रेमको धागोले एक आपसमा बाँध्नु हो। येशूभक्तहरूको बीचमा भएको यो चरित्रले परमेश्वरको प्रेमलाई प्रकट गर्दछ, यो नै येशूभक्तहरूको गवाही हो। विशेष गरेर झैंझगडा, कचकच, फुट, लडाईं, तँछाडमछाडको होडबाजीले पिरोलीरहेको यस संसारमा परमेश्वरको प्रेम देखाउन चर्चलाई आह्वान गरिएको छ।

**इसाई हौं भनेर मुखलेमात्र दावी गर्ने नभएर व्यवहारबाट नै देखाउन पावलले एफिसी ४:४-६मा एक निर्णायक वा नभैनहुने विषयबस्तु कोरेका छन्। त्यो के हो? हेर्नुहोस्: "४ शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ– जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको छ– ५ एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, ६ हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ।"**

चर्चमा भएका विश्वासीहरूको बीचमा एकता होस् भन्ने गहिरो चासो पावलले एफिसी ४ अध्यायको प्रथम् केही पदहरूमा व्यक्त गर्दछन्। एफिसी ४:१-३मा पावलले एकताको महत्त्वलाई औंल्याउँदै सबै विश्वासीहरू एक हुन आह्वान गर्दछन् (एफिसी ४:१-३)। अनि विश्वासीहरूलाई एक बनाइ राख्ने

सातवटा तत्वहरूलाई उल्लेख गर्दछन् (एफिसी ४:४-६)। येशूलाई विश्वास गर्दा विश्वासीहरूको बीचमा एकता हुने स्वभाव नै हो। तैपनि त्यसलाई बलियो बनाइ राख्न विश्वासीहरूले नियमित रूपमा प्रयत्न गरिनै रहनुपर्छ र देखाइरहनुपर्छ (एफिसी ४:१-३)। यथार्थमा एकतामा रहिरने भविष्यको लक्ष्यको निम्ति हाम्रो प्रयास जारी राख्नुपर्छ (एफिसी ४:१३)।

"आफ्ना विश्वासीहरूलाई प्रस्तुत गरेको सत्यको शक्तिलाई प्रकट गर्न पावलले विश्वासीहरूलाई आह्वान गर्दछन्। येशू ख्रीष्टको चरित्र तथा स्वभावलाई झल्काउन र उहाँको मुक्तिको आशिषको अनुभव दिलाउन विश्वासीहरू नम्र र कोमल तथा दयालु हुनुपर्छ, एक आपसमा भएका कमिकमजोरीलाई क्षमा दिएर सहनुपर्छ र प्रेमले ओतप्रोत हुनुपर्छ। यो विर्सनुहुन्न कि एउटै शरीर छ, एउटै आत्मा छ, एउटै प्रभु हुनुहुन्छ र एउटै विश्वास तथा आस्था छ। येशूको शरीरका सदस्यहरू भएको हैसियतले सबै विश्वासीहरू त्यही आत्मा र त्यही आशामा रहनुपर्छ। जब चर्चमा विवाद वा फुट हुन्छ तब येशूको धर्मको बेइज्जत हुन्छ र सत्यका शत्रुहरूलाई इसाईहरूलाई सताउने नीति ठिक भएको निष्कर्ष निकाल्ने अवसर मिल्दछ। पावलले जुन् निर्देशनहरू दिए, ती केवल उनको समयमा भएको चर्चको निम्तिमात्र थिएन। सबै विश्वासीहरूमा एकता होस् भन्ने परमेश्वरको चाहनाको खाका हामीलाई दिन उहाँले नै बनाउनुभएको हो। शान्तिमा बाँधिएर चर्चको एकतालाई सुरक्षित राख्न हामीले के गरिरहेकाछौं?"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. २३९बाट रूपान्तरित।

**तपाईंहरू "बोलाइएको अनुसार योग्यको भएर" हिंड्न अहिले नै तपाईंहरूले के निर्णय गर्न सक्नुहुन्छ?**

## ४. चर्चका अगुवाहरू र एकता

**"तर ख्रीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ।" (एफिसी ४:७)।** जसले ग्रहण गर्छ वा उपभोग गर्न आत्मनिर्णयको अभ्यास गर्दछ त्यसको निम्ति मुक्ति सबै मानिसहरूको निम्ति हो भनेर मानेतापनि कुनै आत्मिक बरदान कुनै विशेष मानिसहरूलाई विशेष कामको निम्ति दिइएको हुन्छ।

**चर्चमा सबै मानिसले उच्च पद वा अगुवा हुन दावी गर्न मिल्दैन न त एकले पाएको खुबी अरूले लोभ गर्न मिल्छ। चर्चको नेतृत्व गर्न, चर्चलाई अगुवाई गर्न र चर्चलाई व्यवस्थित गरी राख्न विशेष मानिसहरूलाई विशेष खुबी**

**वा प्रतिभा वा बरदानहरू परमेश्वरले सुम्पिनुभएको हुन्छ। हेर्नुहोस्, चर्चलाई व्यवस्थितरूपमा चलाइ राख्न चर्चमा भएका विभिन्न विशेष मानिसहरूलाई विभिन्न बरदानहरू जुन एकसँग भएको बरदान अर्कोले दावी गर्न मनासिव देखिन्दैन, एफिसी ४:११ "अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू वा आत्मिक अगुवाहरू, कोही अगमवक्ताहरू, कोही सुसमाचार प्रचारकहरू, कोही मण्डलीका पास्टर वा अगुवाहरू र कोही शिक्षकहरू बनून्।" (रूपान्तरित)।**

**चर्च संचालन गर्न विभिन्न विशेष व्यक्तिहरूको आवश्यकता पर्छ। चर्चलाई अगुवाई गर्ने विशेष व्यक्तिहरूलाई तिनीहरूको खुबी अनुसार परमेश्वरले दिनुभएको बरदान वा प्रतिभाहरूको लक्ष्य के हो? ती बरदानहरू कसरी र किन पारस्परिकरूपमा सम्बन्धित भइरहेको हुन्छ? हेर्नुहोस्ः "ख्रीष्टको शरीर निर्माण गरिन र सेवाको काम गर्न सन्तहरू सुसज्जित बनाऊन" (एफिसी ४:१२ रूपान्तरित)।**

बप्तिस्मा लिने बेलामा सबै विश्वासीहरूले सुसमाचारको प्रचार गर्न चर्चलाई सहयोग गर्छु भनेर शपथ खाएको हुन्छ (त्यस शपथलाई पालन गर्ने वा नगर्ने विश्वासीको नैतिकतामा भरपर्छ), त्यस अर्थमा सबै इसाई विश्वासीहरू परमेश्वर र सुसमाचारका प्रचारक र सेवकहरू हुन्। मत्ती २८:१९,२०मा येशूले उहाँलाई विश्वास गर्ने प्रत्येक इसाई विश्वासीहरूलाई सल्लाह होइन आदेश दिनुभएको पाइन्छ। सबै विश्वासीहरू सक्रिय भएर सारा राष्ट्रका मानिसहरूलाई उहाँको चेला बनाउन, बप्तिस्मा दिन र सिकाउन येशूले आदेश दिनुभएको छ। सुसमाचार प्रचार गर्न वा परमेश्वरको निम्ति काम गर्ने अवसर पाएका केवल केही मानिसहरूलाईमात्र सुम्पिएको होइन, जस्तो प्रचारक, पास्टर वा चर्चको रोजगारीमा सेवा गर्नेहरू। येशूको आदेशमा ती मानिसहरूलाई छुट्याइएको छैन तर जो जो उहाँको नाउँलाई ग्रहण गर्छन् (वा जय मसीह भनेर अभिवादन गर्छन्) उसबाट सुसमाचार प्रचारको अपेक्षा गरिएको हुन्छ। सुसमाचार प्रचार गर्न कोही विश्वासीलाई पनि हात बाँधेर बस्दै यो मेरो काम होइन भनेर छुट दिइएको छैन। फेरि कुनै पनि चर्चका अगुवालाई परमेश्वरको काम गर्न वा सुसमाचारीय सेवा गर्ने मेरोमात्र काम हो भन्ने दावी गर्ने छुट दिइएको छैन। यदि विशेष मानिसहरूलाई आआफ्नो खुबी अनुसार विशेष प्रतिभा वा बरदान दिइएको छ भने त्यो आफ्नो भाऊ बढाउन होइन तर चर्चको भाऊ बढाउन वा चर्चको उत्थानको निम्ति हो। चर्चलाई सुव्यस्थित राख्न, चर्चको हेरचाह गर्न, चर्चको उत्थान गर्न र चर्चको एकतामा बल पुऱ्याउन चर्चका अगुवा वा नेतृत्व वर्गहरूको आवश्यकता हुन्छ।

जुन नेतृत्ववर्गहरूलाई दिइएको बरदान, प्रतिभा वा खुबीहरूको सूची पावलले बनाएका छन् परमेश्वरका जनहरूलाई अरू मानिसहरूतिर सुसमाचारको हात बढाउन सुसज्जित पार्न दिइएको हो। यदि चर्चमा कुनै व्यक्तिहरूलाई कुनै विशेष अभिभारा दिइएको हुन्छ भने अरूहरूले पनि सुसमाचारीय काम गर्न र परमेश्वरको सेवा गर्न तिनीहरूले सिकाउनुपर्दछ। अगुवावर्ग वा सर्वसाधारण विश्वासीहरू जो भएतापनि, सबैको काम येशूको शरीरको महिमा दिनु र पहिचान दिनु हो। यो कामले निरन्तरता त्यसबेलासम्म जारी हुन्छ "१३ जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। १४ यसकारण हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटयाइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं।" (एफिसी ४:१३-१४ रूपान्तरित)। सुसमाचारीय सेवा कार्यमा हामी कसरी संलग्न हुनुपर्छ भन्ने शैली येशूको उदाहरणले बताउँछ। येशू ख्रीष्ट आफ्नो भाऊ बढाउन, सम्मान पाउन, कसैको हाकिम बन्न वा कसैबाट सेवा पाउन होइन तर सेवा गर्न आउनुभएको हो (मत्ती २०:२५-२८)। यदि हामी येशूका भक्त हौं भनेर दावी गर्छौं भने वा इसाई हौं भनेर दावी गर्छौं भने उहाँको शैली अपनाउनु अति आवश्यक छ।

कसैप्रति जवाफदेही नहुने आफू खुशी वा स्वतन्त्र भएर चल्ने मानिसहरूको प्रवृत्ति हो र यो प्रवृत्ति इसाई जगतमा पनि घुसेको पाइन्छ। विशेष गरेर पश्चिमी देशका मानिसहरूमा कसैको खटन वा अगुवाईमा नरहने प्रवृत्तिले सताइरहेको पाइन्छ। यस संसारमा कोही इसाई पनि टापु होइन वा यस संसारमा एक्लै भएको महसुस हुननदिन पावलले हामीलाई सम्झना गराउँछन्। हामीहरूको साझा यात्राको निम्ति र त्यसलाई सहयोग गर्न हामीहरूले चर्चका आत्मिक अगुवाहरूसँग मिलेर आस्थाको समूह वा सत्सङ्ग निर्माण गर्दछौं। हामी जो जो येशूका अनुयायीहरू हौं भनेर दावी गर्दछौं हामी सबै जना येशू ख्रीष्टको शरीरको अङ्ग हौं। यसको अर्थ कोही इसाईलाई पनि एक्लो हुन छुट दिइएको छैन।

**तपाईं चर्चमा कुनै विशेष व्यक्ति नै हुनु होला वा सर्व साधारण विश्वासी नै हुनु होला। तपाईलाई पनि परमेश्वरले कुनै न कुनै खुबी वा आत्मिक वरदान दिनुभएकोछ। तपाईंको स्थानीय चर्चलाई बलियो बनाउन र एकतामा राख्न त्यस खुबी वा बरदानलाई कसरी प्रयोग गरिरहनुभएको छ?**

## ५. येशू ख्रीष्टसँग मानवीय सम्बन्ध

**इसाई** मार्ग वा आस्था सम्बन्धको आस्था हो। अर्थात जो कोही येशूलाई विश्वास गर्छु भन्छ त्यो व्यक्तिले कसैसँग कुनै सम्बन्ध नराखी अलग बस्न सुहाउँदैन। परमेश्वरसँग र एक आपससँग सम्बन्ध राखेर चल्नु नै इसाई आस्थाको विशेषता हो। यदि येशूलाई विश्वास गर्छु र उहाँसँग मेरो सम्बन्ध गहिरो छ भनेर दावी त गर्छन् तर मानिसहरूबाट अलग रहेर वा कसैसँग सुमधुर सम्बन्ध नराखि चलेमा त्यो दावीको कुनै अर्थ छैन। इसाई आस्था बन्द कोठा वा अलग कुटी वा गुफामा बसेर मौलाउँदैन। पावलले एफिसीहरूलाई लेखेको पत्रमा एकताका नीतिहरूको बारेमा छलफल गरिएकोछ। त्यो एकताको नीतिले हामीहरूको पारस्परिक सम्बन्धलाई कसरी बलियो बनाउने भन्ने व्यवहारिक पक्ष देखाएको छ।

**एफिसी ५:१५-२१ पढ्नुहोस्। पद २१मा पावलले हामीलाई के भनिरहेकाछन्? एक आपसको अधीनमा बस्नु र एकताको बीचमा के सम्वन्ध छ? हेर्नुहोस्: "१५ यसैले कसरी हिँड्छौ ध्यानसँग हेर– निर्बुद्धि मानिसजस्तो होइन, तर बुद्धिमान्‌जस्तो। १६ समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ। १७ यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ। १८ दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ। १९ एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै २० सधैं सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ। २१ ख्रीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस।"**

विश्वासीहरूले एक आपसको अधीनमा बस्नु पर्छ भनेर पावलले गरेको आह्वानमा पवित्र आत्माले भरिनु भन्ने व्याक्य गाँसिएको छ जुन एफिसी ५:१८मा लेखिएको छ। पवित्र आत्माले भरिन्दा विश्वासीहरूको स्वभावमा विभिन्न परिवर्तनहरू आउँछन्। तिनीहरूमा एक आपसमा अधीनमा रहनु पनि एक हो। त्यसको अर्थ एक आपसलाई दवाएर बस्नु भनेको होइन तर एक आपसमा नम्र हुनु र एक आपसप्रतिको सोचमा संवेदनशील हुनु हो। एक आपसलाई सम्मान गर्ने उचित मनस्थितिले येशूभक्तहरू सुसज्जित हुनुपर्छ। तर प्रायजसो मानवीय जगतमा वा स्वभावमा यो स्वाभाविक गुण होइन तर यदि हामीहरूको हृदयमा पवित्र आत्मालाई भर्नदियौं भने एक आपसमा आदर गर्ने स्वभाव बस्न सक्दछ। त्यो त्यही आत्माको बरदान हो जसले हामीहरूलाई येशूमा एक भएर राख्दछ। यस दृष्टिकोणबाट हेर्दा एक आपसमा अधीनमा

बस्नु भनेको येशूभक्तको भित्री गुण वा स्वभाव हो जुन् येशूप्रति र उहाँले हाम्रो निम्ति बलिदान हुनुभएको कुरामा श्रद्धा देखाएको ठहऱ्याउँछ।

कतिपय धर्ममा (कतिपय समयमा इसाई धर्म नै किन नहोस्) संसार वा मानव जगतबाट अलग बस, साधु भएर बस्नु र समाजसँग घुलमिल हुनबाट टाढा बस भनेर सिकाउँदछन्। तर येशूलाई विश्वास गर्छु भन्ने व्यक्ति समाजबाट अलग नबसी घर परिवारमा र काम गर्ने ठाउँमा समझदारी गरेर एक आपसको अधीनमा कसरी बस्नुपर्छ भनेर पावलले दिएका देहायका नीतिलाई हामीले कसरी आत्मसात् गर्ने? हेर्नुहोस्ः "२२ पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस। २३ किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ। २४ जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूका अधीनमा रहून्। २५ पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, २६ यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, २७ र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्। २८ त्यसरी नै पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। २९ किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ, ३० किनभने हामी उहाँका शरीरको अङ्ग हौं। ३१ "यसकारण मानिसले आफ्ना आमा-बुबालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्।" ३२ यो एउटा गम्भीर रहस्य हो, अनि यो कुरा म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु। ३३ जे भए पनि तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस्।" (एफिसी ५:२२-३३) र "१ छोरा-छोरी हो, प्रभुमा आफ्ना आमा-बुबाको आज्ञापालन गर, किनकि यो उचित हो। २ आफ्ना बुबा र आमाको मान गर। (जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो), ३ कि तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ। ४ बुबा हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ। ५ कमारा हो, डर र कम्पसाथ साँचो हृदयले ख्रीष्टलाई गरेझैं यस संसारका तिमीहरूका मालिकहरूको आज्ञापालन गर। ६ मानिसहरूलाई खुशी पार्नेले झैं आँखाको

**अगि मात्र देखावटी काम नगर, तर ख्रीष्टका दासहरूझैं साँचो हृदयले परमेश्वरको इच्छा पूरा गर। ७ मानिसहरूका निम्ति होइन, तर प्रभुको निम्ति जस्तै गरी सदिच्छाले सेवा गर, ८ यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोहीबमोजिम पाउनेछ। ९ मालिक हो, आफ्ना कमाराहरूसँग त्यस्तै व्यवहार गर, र धम्की दिन छोड, यो जानेर कि तिमीहरू दुवैका मालिक स्वर्गमा हुनुहुन्छ, र उहाँमा पक्षपात छैन।" (एफिसी ६:१-९)।**

केही हदमा भन्ने हो भने घरमा एकता भयो भने चर्चमा पनि एकता हुनसक्छ। जुन श्रीमान् र श्रीमतीको बीचमा प्रेम, आदर र एक हुने गुणहरू देखाइन्छ त्यही खालको गुणहरू येशूले चर्चलाई देखाउनुभएको छ। येशूले आफ्नो स्वार्थ त्याग गरेर चर्चको हितमा जीवन दिनुभयो त्यही खालको त्याग श्रीमान् र श्रीमतीको बीचमा पनि हुनुपर्दछ। त्यसकारण श्रीमान् र श्रीमतीको बीचमा वा घरमा र चर्चका सदस्यहरूको बीचमा त्यही आदर, एकता र प्रेम देखाउनु पर्ने आवश्यकतालाई देखाइएको छ जुन येशूले चर्चलाई देखाउनुभयो। येशूको जस्तो ती गुणहरू छोराछोरी र आमाबाबुको बीचको सम्बन्धमा उदाहरणीय हुनुपर्छ। प्रभु येशू र विश्वासीहरूको बीचमा जुन सम्बन्धले काम गर्दछ त्यही सम्बन्ध हाकिम र कर्मचारीहरूको बीचमा पनि हुनुपर्छ (दास र फुक्का)। जुन शान्ति र मिलोमत्तो हामीहरूको परिवारमा हुन्छ त्यही शान्ति र मिलोमत्तो हामीहरूको चर्चको जीवनमा पनि हुनुपर्छ।

**घरका जहान परिवारहरूसँग र सहकर्मीहरूसँग कसरी सम्बन्ध राखेर चल्ने भन्ने पावलले सम्बोधन गरेको नीतिलाई तपाईंले कसरी प्रयोग गर्न सक्नुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः सामग्री उपलब्ध भएमा एलेन जी ह्वाइटको *टेस्टिमोनिज फर द चर्च,* ठेली ९को पृ. १७९-१८८को "द स्पिरिट अभ युनिटी" पढ्नुहोस्।।**

"**मानव** जगतमा एक आपसमा अलग राख्ने राष्ट्रियताको भावना वा राष्ट्र राष्ट्रको बीचमा हुने भेद, उच्च र निच पद वा ओहोदा र धर्म वा विश्वासको बीचमा खडा भएको पर्खाललाई येशू ख्रीष्टले वास्ता गर्नु भएन। यहूदी धर्मका शास्त्री र फरिसी पण्डितहरूले स्वर्गबाट पाएका सबै आशिषहरू आफ्नो र आफ्नो जातीय राष्ट्रको हितमामात्र थन्काइ राख्न चाहेका थिए। तिनीहरूले संसारका परमेश्वरका अरू जनहरूलाई आफूहरूबाट अलग राख्ने

नीति लिएका थिए। मानिस मानिसको बीचमा फाटो ल्याउने प्रत्येक पर्खाललाई येशूले भत्काउन लाउनुभएको थियो। जसरी हावा, उज्यालो प्रकाश र पानीको वर्षाले पृथ्वीलाई कुनै घेरामा नराखी ताजा बनाउँछ त्यसरी नै उहाँको दया, अनुग्रह र प्रेमको बरदान कुनै जात जाति र राष्ट्रको घेरामा छैन भनेर देखाउन उहाँ आउनुभएको थियो। "जातभात, धर्म, वर्ण, यहूदी अयहूदी, दास र फुक्का जस्ता मानिसहरूलाई टुक्रा टुक्रा गरिराख्ने तत्वहरूलाई पार गरी स्थापना गर्नुभएको धर्म वा येशूमार्ग येशू ख्रीष्टले स्थापना गर्नुभएको थियो। सारा मानिसहरूमा साझा बन्धुत्वमा गाँस्नुभएको थियो र सबै मानिसहरू परमेश्वरको अगाडि असलीरूपमा बराबर छन् भन्ने कुरा उहाँको जीवनले देखाएको थियो। मानव समानताको उहाँको अभियानमा कसैले पनि प्रश्न गर्ने आँट गरेका थिएनन् न त प्रभाव पार्न सकेका थिए। आफ्नो जाति र विदेशीको बीचमा र साथी र शत्रुको बीचमा उहाँले कुनै भिन्नता देखाउनुभएन। जोसुकै व्यक्ति जो अनन्त जीवनको पानीको प्यास गर्दछ वा तिर्खाउछ त्यसप्रति उहाँको हृदय आकर्षित भएको थियो।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ९, पृ. १९१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको यस भावनामा ध्यान दिनुहोस्: "एफिसी चार अध्यायमा परमेश्वरको योजना अत्यन्त सरल र सबैले बुझ्ने गरेर प्रकट गरिएको छ। परमेश्वरका सबै जनहरूले सत्यलाई पकडि राख्न त्यस अध्यायले सिकाउँदछ। उहाँले चर्च एकताको सुत्रमा रहिरहोस् भन्ने उहाँको नीति यस अध्यायमा कोरिएको छ। येशूका भक्तहरूले सारा संसारको अगाडि स्वस्थ धार्मिक वा आत्मिक अनुभव देखाउन सकुन् भनेर देखाउने नीति एफिसी चार अध्यायमा स्पष्टरूपमा सम्बोधन गरिएको छ।"-एलेन जी ह्वाइट कमेन्टस्, द एकडिए बाइबल कमेन्टरी, ठेली ६, १११७बाट रूपान्तरित। चर्चको एकतालाई औंल्याउने तत्वहरू एफिसी ४मा तपाईंले के देख्नुभएको छ? यस एकतालाई सुदृढ गरिराख्न हामीले के गर्न सक्छौं?

आ) यदि हामीहरूको चर्च एकताको शुत्रमा बसिरहन चाहन्छ भने यसका सदस्यहरूमा नम्रता र एक आपसको अधीनमा बस्ने

**चाहना नै एकताको शुत्रको मूल साँचो हो भनेर थाहा पाउनु आवश्यक छ। ती गुणहरू बिना चर्चमा कसरी एकताको अस्तित्व हुन सक्छ र? यदि हामी घमण्डी छौं, आफ्नो भाऊ खोज्ने प्रवृत्तिले हामी पिरोलिएका छौं कतिले त भन्छन् 'मैले चर्चमा यतिका वर्ष काम गरें, खोइ मेरो सम्मान?", हामीहरूको आफ्नै दृष्टिकोण र स्थानको अडानमा छौं र अरूहरूको कुरा सुन्न सरासार अस्वीकार गर्छौं भने के चर्चमा एकता हुने सम्भावना हुन्छ त? चर्चमा चर्चका पदाधिकारी वा एक आपसको अधीनमा बस्न र नम्र हुन हामीले कसरी सिक्ने?**

इ) **यस संसारमा भएका सबै मानिसहरूको मगजको बनावट भिन्ना भिन्नै छ र सबै जना एकै किसिमका हुन्छन् भन्ने छैन। त्यसले गर्दा कतिपय कुराहरूमा हामी सबै सहमत हुन सक्दैनौं। यद्यपि सबै कुरामा सहमत नभएतापनि चर्च एकतामा कसरी रहन सक्छौं?**

**सारांशः** येशूमा नै रहेर इसाई हुनु भनेको के हो भनेर पावलले धेरै सल्लाह वा सुझावहरू एफिसीको पुस्तकमा दिएका छन्। येशूमा पाइने मुक्ति केवल धर्मान्तर वा एक धर्मबाट अर्को धर्ममा जाने वा कन्भर्ट हुनुमात्र होइन न त बप्तिस्मा लिएपछि कतिको नाउँ फेरिनेमात्र हो। तर येशूमा हुने विश्वासीको जीवनले आफूमा कायाँ पलट भएको वा काँचुली फेरेको वा पूर्णरूपमा व्यवहारिकरूपमा परिवर्तन भएको देखाउँछ। हामीहरूको जीवन ट्रानस्फोर्म हुनुपर्छ ट्रान्सफरमात्र होइन वा एक मतबाट अर्को मतमा घर सरेको जस्तो सर्नु होइन। हामीहरूले सबै मानव सम्बन्धमा र चर्चमा भएका दाजुभाइ तथा दिदी बहिनीहरूसँगको सम्बन्धमा हामी खीष्टको शक्तिले परिवर्तन भएका छौं भनेर देखाउनै पर्छ। चर्चमा एकता हुने निर्णायक कदमको निम्ति विश्वासीहरूमा आमूल परिवर्तन हुनु आवश्यकै छ।

## कथा ४
## चर्चमा प्रयोगशाला
## यीन फिइयराः २० क्याम्बोडिया

***१९ वर्षको उमेरमा फिइयराले परमेश्वरको परीक्षण गर्ने निर्णय गऱ्यो।***

यो युवक कम्बोडियाको दोस्रो ठूलो सहर बाटमबाङ्गमा धेरै महिनादेखि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गइरहेको थियो। एक दिन पास्टरले मलाकी ३:१०मा लेखिएको प्रतिज्ञा पढेको सुने। यसमा यो लेखिएको छः "मेरो भण्डारमा सबै दशासं ल्याउनु ताकि मेरो घरमा खानेकुरा हुनेछ। मलाई जाँचेर हेर' परमप्रभु शक्तिशाली परमेश्वरले भन्नुहुन्छ 'र हेर कि मैले स्वर्गको बाँध खोल्छु कि खोल्दिँन र मैले त्यस्तो धेरै आशिष खन्याउनेछु कि त्यसलाई सञ्चय गर्ने ठाउँ पनि हुनेछैन'" (मलाकी ३:१० रूपान्तरित)।

जब साबथमा भेटी सङ्कलन गर्ने झोला उसको नजिक ल्याइयो तब उसले त्यसमा १,००० रियल बैक चेक राखे। त्यो करिब २५ रूपैंया थियो। उसले आफ्नो भयभरको पैसा भेटीमा  राखेको थियो।

टाट पल्टिएको फिइयरालाई भोलिपल्ट उसको दाजु फिरुनले उसले अपेक्षा नै नगरेको १०,००० रियल दियो। त्यो करिब दुई सय पचास रूपैयाँ थियो।

उसको दाजुले उसलाई कहिलेकाहीँ कुनै उत्सबमा पैसा दिन्थ्यो। ती उत्सबहरूमा कम्बोडियाको नयाँ वर्ष वा मरेकाहरूको सम्झनामा मनाइने चाड जस्ता थिए। तर कुनै कारणबिना फिइयरालाई त्यसै पैसा कहिल्यै पनि दिइएको थिएन।

### फिइयरा चकित भयो।

"तर त्यसबेला पनि यो परमेश्वरबाट आएको उपहार हो भनेर विश्वास गर्न म तयार थिइन" उसले भन्यो। अर्को साबथ उसले फेरि परमेश्वरको जाँच गर्ने प्रयास गऱ्यो। जब भेटीको झोला उसकहाँ आयो उसले फेरि १००० रियल (करिब २५ रूपैंया) राखे। त्यसबखत उसको खल्तीमा ५,००० रियल थियो (करिब १२५ रूपैंया)। त्यो पैसा अर्को हप्तामा आफ्नो मोटरसाइकलको निम्ति पेट्रोल खर्च राखेको थियो। पेट्रोलको निम्ति उसलाई सो पैसा आवश्यक थियो त्यो उसलाई चाहिएकै थियो। अब उसलाई पेट्रोलको निम्ति दिनु पर्ने २५ रूपैंया कम भयो।

"तर मलाई पैसाको खाँचो परेको थिएन। हप्ता दिन बित्दै जाँदा मेरा साथी र आफन्तहरूले मलाई अचानक पैसा दिन थाले। त्यसले गर्दा मोटरसाइकलको निम्ति तेल हाल्ने पैसाको खाँचो भएन। तर मैले कसैलाई पनि एक पैसा पनि मागेको थिइन" अचम्म मान्दै उसले भन्यो।

केही हप्ता पछि फिइयरा अत्यन्त अप्ठ्यारोमा पऱ्यो। चर्चले क्रिष्टमास कार्यक्रमको आयोजना गरेको थियो। उसले आफ्ना १५ जना साथीहरूलाई निम्त्यायो। तर तिनीहरूलाई तिन पल्ट गरेर आफ्नै मोटर साइकलमा चर्चमा ल्याउनुपर्दथ्यो।

जब चर्चको नजिक फिइयरा आयो तब पुलिसले तिनीहरूलाई समात्यो। ऊसँग भएका कुनै पनि साथीहरूले हेलमेट लगाएका थिएनन्। कम्बोडिया देशको नियम अनुसार मोटर साइकल चढ्ने सबैले हेलमेट लगाउनुपर्दथ्यो।

पुलिसले हेलमेटको बारेमा सोधेन तर उसको लाइसेन्स खोज्यो। "यो मोटर साइकल कसको हो?" भनेर पुलिस अफिसरले फिइयरालाई सोध्यो। फिइयराले आफ्नो दाजुलाई फोन गऱ्यो। त्यो मोटर साइकल उसको दाजुको थियो र भन्यो धेरै समय अघि उसँग भएको लाइसेन्स हराएको थियो। अब के गर्ने फिइयरा चिन्ताग्रस्त भयो। पुलिसले त्यो मोटर साइकल खोसेर उसलाई त्यो चोरेको दोष लगाउन सक्थ्यो। अब के गर्ने फिइयरालाई थाहा भएन।

"अनि पास्टरले प्रार्थना गर्न सिकाएको मैले सम्झें। त्यसकारण मैले प्रार्थना गरें" फिइयराले भन्यो।

एक छिन पछि अर्को पुलिस अफिसर त्यहाँ के भइरहेको छ सो बुझ्न आए। फिइयराले आफ्नो अवस्था उसलाई सुनायो। अनि त्यस अफिसरले भन्यो "मलाई २०,००० रियल (दुई सय रूपैंया) मलाई देऊ अनि तिमी जान सक्छौ।"

फिइयरासँग त्यो पैसा थिएन। तर उसको झोलामा पुरानो कम्प्युटर थियो। उसले त्यसलाई बेच्न धेरै हप्तादेखि प्रयास गरिरहेको थियो। मोटरसाइकललाई पुलिसकहाँ छोडेर थोत्रो सामनाहरू बेच्नेकहाँ ऊ गयो। त्यहाँको पसलेले कम्प्युटर लिएर उसलाई ४०,००० रियल वा चारसय रूपैंया दियो। पुलिसलाई आफ्नो जरिवाना तिरेर फर्क्यो।

**यो घट्नाले फिइयराको विश्वास झन बढ्यो।**

"परमेश्वर साँच्चिक्कै हुनुहुन्छ भनेर यस घट्नाले मलाई देखाएको थियो। जब मलाई समस्या परेको थियो परमेश्वरले मेरो प्रार्थनाको जवाफ दिनुभयो" अत्यन्त खुशी मान्दै फिइयराले भन्यो।

फिइयराले पुलिससँगको भेटमा कस्तो प्रतिक्रिया जनाउँदो रहेछ भनेर उसका साथीहरूले हेरिरहेका थिए। क्रिष्टमास कार्यक्रममा सकुसल आइपुग्न सकेकोमा तिनीहरू अत्यन्त छक्क परे। "तिम्रो परमेश्वरले तिमीलाई साँच्चिक्कै सहायता गर्नुभयो" उसका साथीहरूले उसलाई भने।

फिइयराले चर्चका साथीहरूसँग हेलमेट सापटी लियो र अरू साथीहरूलाई लिएर आयो।

आज फिइयरा उसको परिवारको एकमात्र बप्तिस्मा लिएको इसाई भएको छ। उनी विश्वविद्यालयमा पढ्दै छ र हरेक हप्ता चर्चमा चलिरहेको कम्प्युटर क्लासमा उसले सिकाउँदछ। जब नयाँ समुदाय भवनको निर्माण हुनेछ तब उसको क्लास चर्चबाट त्यहाँ सर्नेछ। यस त्रैमासिक भेटीको केही भाग त्यस समुदाय भवन निर्माण गर्न सहयोग गरिनेछ। फिइयरा जस्तो विश्वासीहरूलाई तिनीहरूको समुदायमा सेवा गर्न मिसन भेटी दिएकोमा तपाईंहरूलाई धन्यवाद छ।

लेखकः *आन्द्रयु मेकचेस्नी*